CRO Regd. No.: 119118/070/071

PAN: 601799215

# नाडेप लघुवित्त वित्तीय संस्था लि.
# NADEP Laghubitta Bittiya Sanstha Ltd.

(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्र प्राप्त राष्ट्रियस्तरको संस्था)

मिति : २०७५।१२।२८

चलानी नं. १२५०।२०७५।७६

श्री नेपाल स्टक एक्सचेज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं ।

श्री नेपाल धितोपत्र वोर्ड
जवलाखेल, ललितपुर ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
शेयर मार्केट्रस कर्मसियल कम्प्लेक्स पुतलीसडक, काठमाडौ ।

विषय : जानकारी संम्वन्धमा ।

महोदय,

यस वित्तीय संस्थाको मिति चैत्र २८ गते बिहीवार दिउसो ३.०० बजे बसेको ९४ औं संचालक समितिको निर्णय अनुसार चौंथो बार्षिक साधारण सभा निम्न स्थान र समयमा गर्ने निर्णय भएकोले तहां कार्यालयको जानकारीको लागि अनुरोध छ बार्षिक साधारसभा गर्न शेयरधनी महानुभावहरुलाई जानकारीको लागि जारी गर्न लागिएको सूचना यसै पत्र साथ संलग्न छ ।

मिति: २०७६ साल वैशाख २६ गते, बिहीवार ।
समय: विहान ११:०० बजे ।
स्थान: नौबिसे एग्रो रिसोर्ट नौबिसे धादिङ ।

भवदीय,

( बाबुराम सुबेदी )
कम्पनी सचिव

# नाडेप लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, गजुरी-१, धादिङ्ग

**चौथो बार्षिक साधारण सभा सम्बन्धी सूचना :**

**शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्था लिमिटेडको मिति २०७५ चैत्र २८ गते बिहीवार बसेको सञ्चालक समितिको ९४ औं बैठकको निर्णय अनुसार यस वित्तीय संस्था लिमिटेडको चौथो वार्षिक साधारण सभा निम्न बिषयहरुमा छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएकाले शेयरधनी महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, समय र स्थान :**

मितिः २०७६ साल वैशाख २६ गते, बिहीबार ।

समयः बिहान ११:०० बजे ।

स्थानः नौबिसे एग्रो रिसोर्ट नौबिसे धादिङ ।

**छलफलका बिषयहरु :**

क) **साधारण प्रस्तावहरु :**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्नुहुने आ.ब. २०७४।०७५ को बार्षिक प्रतिवेदन उपर छलफल गरी प्रतिवेदन पारित गर्ने,

२. लेखापरीक्षकको बार्षिक प्रतिबेदन सहितको आ.ब २०७५ आषाढ मसान्त सम्मको वासलात तथा नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण सहित सम्बन्धित अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने,

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको चुक्ता पुँजी १६ करोडको १.५८ प्रतिशतले हुन आउने रु २५,२६,३१५.७९ कर प्रयोजनको लागि नगद लाभांश वितरण गर्ने,

४. वित्तीय संस्थाको लेखापरीक्षण समितिको सिफारिस बमोजिम आ.व ०७५।७६ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने, (वर्तमान लेखापरीक्षक श्री सुर्दशनराज पाण्डे, एस .आर.पाण्डे एण्ड कम्पनी, कम्पनी ऐन १११(३) बमोजिम पुनः नियुक्तिको लागि योग्य हुनुहुन्छ ।),

५. समुह "ख" अन्तर्गत सर्वसाधारण शेयरधनीहरुबाट प्रतिनिधित्व हुने दुई जना सञ्चालकको निर्वाचन गर्ने,

ख) **बिशेष प्रस्तावहरु :**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम वित्तीय संस्थाको चुक्ता पुँजी १६ करोडको ३० प्रतिसत वा १:१ हकप्रद निष्काशन पश्चात चुक्ता पुँजी ३२ करोडको १५ प्रतिशतले हुन आउने रकम रु ४ करोड ८० लाख बराबरको बोनस शेयर वितरण गर्ने,

२. बोनस शेयर जारी पछि वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएको पुँजी संरचनामा देहाय बमोजिम हुने गरि संशोधन गर्ने ।

   क. अधिकृत पुंजी :रु. ६४,००,००,०००। (अक्षरेपी : चौसट्ठी करोड)

   ख. जारी पुँजी : रु ३६,८०,००,०००। ( अक्षरेपी : छत्तीस करोड असी लाख)

   ग. चुक्ता पुँजी : रु. ३६,८०,००,०००। ( अक्षरेपी : छत्तीस करोड असी लाख)

३. उल्लेखित विषेश प्रस्ताव उपर नियमनकारी निकायबाट फेरवदल गर्न सुझाव वा निर्देशन भएमा सो अनुरुप प्रचलित कानूनको अधिनमा रही कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन/ परिमार्जन संशोधन गर्न सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने,

४) यस वित्तीय सँस्थामा गाभ्ने/गाभिने वा एक्विजिसन (प्राप्ती) सम्बन्धी उपयुक्त प्रस्ताव आएमा सो कार्यका लागि समझदारीपत्रमा हस्ताक्षर गर्न, सम्पत्ति दायित्व तथा कारोबारको मूल्याँकनकर्ता नियुक्त गर्न तथा निजको पारिश्रमिक निर्धारण गर्न लगायत अन्य सम्पुर्ण प्रक्रिया पुरा गर्न संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

ग) **विविध :**

सञ्चालक समितिको आज्ञाले

कम्पनी सचिव

**साधारण सभा सम्बन्धी जानकारी :**

१) यस संस्थाको चौथो बार्षिक साधारण सभा प्रयोजनको लागि मिति २०७६।०१।९ गते एक दिन मात्र शेयर दाखिला खारेज बन्द ( Book Close) रहनेछ । मिति २०७६।०१।०८ . सम्ममा कायम रहेका शेयरधनीहरुलाई मात्र बोनस शेयर र नगद लाभांश प्रदान गरिनेछ ।

२) संस्थाको बार्षिक प्रतिवेदन शेयरधनी महानुभावहरुको लागि संस्थाको वेब साईट www.nadeplaghubitta.com मा राखिएको छ सो बाट विस्तृत विवरणहरु हेर्न सकिनेछ ।

३) सभामा भाग लिन आउनु हुने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा शेयर अभौतिकीकरण गरेको विवरण (BOID Statement ) / शेयर प्रमाणपत्र वा आफ्नो परिचय खुल्ने प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ ।

४) नावालक तथा असक्त शेयरधनी महानुभावहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता रहेका व्यक्तिले मात्रै भाग लिन वा प्रतिनिधि तोक्न पाउने छ ।

५) सभामा भाग लिनुहुने शेयरधनी महानुभावहरुको लागि हाजिर पुस्तिका सभा हुने दिन र स्थानमा बिहान १०:०० बजेबाट सभा सम्पन्न नभएसम्म खुला रहनेछ । शेयरधनी महानुभावहरुले सभा शुरु हुनुभन्दा पहिले नै सभामा उपस्थित भै हाजिर पुस्तिकामा दस्तखत गरिदिनुहुन अनुरोध गरिन्छ ।

६) सर्वसाधारण शेयरधनीका तर्फवाट प्रतिनिधित्व गनुहुने २ (दुई) जना सञ्चालको निर्वाचन कार्य निर्वाचन अधिकृतले तोके बमोजिम हुने छ । निर्वाचन सम्बन्धी अन्य जानकारी तथा कार्यक्रमको सूचना ७ दिन अगाडी वित्तीय संस्थाको केन्द्रीय कार्यालयको सूचना पाटीमा टाँस गरिनेछ ।

७) प्रोक्सी मार्फत भाग लिन चाहने शेयरधनी महानुभावहरुले सम्बन्धित समुहको शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नेछन् र यस्तो प्रोक्सी फारम साधारण सभा हुनुभन्दा ७२ घण्टा अगावै संस्थाको केन्द्रीय कार्यालय गजुरीमा दर्ता गराई कम्पनी सचिवबाट प्रमाणीत गराउनु पर्नेछ ।

८) अन्य जानकारीको लागि यस संस्थाको केन्द्रीय कार्यालय गजुरी, धादिङ्गको फोन नं. ०१०–४०२१११,४०२१२४ मा सम्पर्क गर्नु हुन अनुरोध छ ।